नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : २०७८/७९

चलानी नं. : ३६

*स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन*

मिति: २०७८ साउन २९ गते

विषय: <u>वेबसाइटमा "रोजगारमूलक सेवा" खण्ड थप गर्ने सम्बन्धमा ।</u>

श्री स्थानीय तहहरू (७५३ वटा सबै)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. ०७८।७९ च.नं. /pmep/३० मिति २०७८।४।२८ को पत्रबाट "नेपालको संविधानको धारा ३३(१) मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भए बमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ मा रोजगारमूलक सेवा, सहायता एवं सुविधा प्रदान गर्न तीनै सङ्घीय एकाइको भूमिका रहने र रोजगारी खोजिकर्ता बा बेरोजगारलाई रोजगारीका अवसर (स्थानीय, जिल्ला, प्रादेशिक र राष्ट्रियस्तर आदि) बारे यथार्थ सूचना प्रवाह गरी बढी भन्दा बढी आयमूलक गतिविधिमा केन्द्रीत गराउन र स्थानीय आर्थिक विकास प्रवर्द्धन गर्न समेत प्रत्येक गाउँपालिका र नगरपालिकाको वेबसाइटमा "रोजगारमूलक सेवा" खण्ड राखी सूचना अद्यावधिक गर्ने आवश्यक व्यवस्था हुन" भनी अनुरोध भई आएको हुँदा सोही बमोजिम सबै स्थानीय तहहरूको वेबसाइटमा "रोजगारमूलक सेवा" खण्ड थप गरी सूचना अद्यावधिक गर्नु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

(सुनिल कुमार के.सी.)
कम्प्युटर अधिकृत

<u>बोधार्थ:</u>

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार ।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP), बबरमहल, काठमाडौं ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
दर्ता नं. 683
मिति: 078।4।31

सिंहदरबार, काठमाडौं (+९७७)-(१) ४२००३०६, ४२००२९८
सन्देश सूचना बोर्ड: १६१८०१४२००३०९, इमेल: it.section@mofaga.gov.np वेबसाइट: http://www.mofaga.gov.np